# सार्वजनीक जग्गा व्यवस्थापन समुह गठन तथा क्षमता विकास कार्यक्रम

लुम्बिनी प्रदेश
दाङ, नेपाल

यो क्रियाकलाप सुविधविमूख घरधुरीहरु (जस्तै महिला प्रमुख रहेको, गरीव, भूमिहीन आदी ) समाबेश रहेका साना समूहहरु स्थापना गर्नमा सहयोग गर्न लागी हो, र स्थापित समुहहरुलाई सार्वजनिक जग्गाहरुमा वृक्षरोपणहरु स्थापना गर्न सहयोग उपलब्ध गरिनेछ । यस्तो सार्वजनीक जग्गा व्यवस्थापन समूहहरुको गठनले नगद तथा खाद्य स्रोतहरु पैदा गर्नका लागि भूमिको अभाव भएका गरीब घरधुरीहरुलाई एउटा वास्तविक अवसर उपलब्ध गर्ने भएकाले विगतमा यो क्रियाकलाप लोकप्रिय सावित भएको छ । यो क्रियाकलाप स्थानीय सरकारहरुद्धारा खरिद गरिएका सेवा प्रदायकहरु ( सामान्यतया गैहसरकारी संस्थाहरु ) ले समूहहरुको गठन क्षमता सहयोग एवं प्राविधिक सल्लाह उपलब्ध गर्ने र परिणाममा आधारित भुक्तानीहरुका लागी अनुगमन गरेर सहयोग गर्नेछन् ।

विशेष गरी तराईमा सार्वजनिक जग्गाहरु सामान्यतया नदी वा मौसमी जलाधारका छेउछाउ अवस्थित छन् यहाँ बाढी आउने सम्भावना हुन्छ । त्यस्ता भूमीभित्र कृषि उत्पादनसँगै ( उदाहरणका लागी तरकारीहरु ) वृक्षरोपणहरु स्थापना गर्न पहिलो वर्ष साना समूहहरु ( १५ वटा घरधुरीहरुसम्मका ) लाई साना जग्गाहरु ( १ हेक्टर ) उपलब्ध गरिनेछ । त्यस्ता जग्गाहरु स्थानीय सरकारका स्वामित्वमा रहनेछन् भने सार्वजनीक जग्गा व्यवस्थापन समूका सदस्यहरुलाई तोकिएको अवधिका लागि उपलब्ध गराईनेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा सङ्घीय परियोजना व्यवस्थापन एकाईबाट प्राप्त निर्देशन अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ ।

- समूहहरुमा सुविधविमूख घरधुरीहरु (जस्तै **महिला प्रमुख रहेको, गरीव, भूमिहीन आदी** ) समाबेश गरिने
- साना समूहहरु ( **१५** वटा घरधुरीहरुसम्मका )
- जम्मा ३ देखि ४ वटासम्म समूहहरु गठन गर्ने
- सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुले सार्वजनीक जग्गा व्यवस्थापन गर्ने (सार्वजनिक जग्गाहरुमा वृक्षरोपणहरु / कृषि वन स्थापना र माटो र जल संरक्षण )
- सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई वृक्षरोपण स्थापना गर्न अनुदान उपलब्ध गरीनेछ तर त्यस्तो अनुदान वृक्षरोपण सफलतापूर्वक स्थापना भएपछिमात्र उपलब्ध गरिनेछ (**परिणाममा आधारित भुक्तानी**)
- कम्तिमा साना जग्गाहरु ( १ हेक्टरसम्म ) उपलब्ध गरिने
- पालिका भरी जम्मा **२७ हेक्टरमा वृक्षरोपण** गरिने